## जिल्ला विकास समितिको कार्यालय, काठमाडौं

६६. **योजना हस्तान्तरण** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ के नियम ७० उप–नियम २(ज) मा उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने र यसरी हस्तान्तरण भएका आयोजनाको सेवा बापत उपभोक्ता समितिले दस्तुर तोकी आफ्नो कोष खडा गरी सञ्चालन गर्नसक्ने उल्लेख छ । तर कार्यालयले यो वर्ष सम्पन्न गरेको ३६४ योजना उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन ।

६७. **घर बिदा** – स्थानीय स्वायत्त शासन नियमावाली, २०५६ को नियम २४२ को उप–नियम (४) र (५) मा स्थानीय निकायका कर्मचारीले १८० दिनसम्म घर बिदा सञ्चित गरिराख्न सक्ने र सेवाबाट अलग भएपछि मात्र खाईपाई आएको तलबको दरले सञ्चित बिदाको रकम भुक्तानी पाउने व्यवस्था छ । तर कार्यालयले कार्यरत ३५ कर्मचारीलाई १८० दिन भन्दा बढी सञ्चित घर बिदा बापतको रकम रु.२ लाख १४ हजार भुक्तानी दिएकोले नियम विपरीत खर्च गरेको देखियो ।

६८. **मालपोत** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ को खण्ड (ख) मा गाउं विकास समितिले मालपोत वा भूमिकरबाट उठेको राजस्वको २५ प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनुपर्ने व्यवस्था छ । तर २५ गाउं विकास समितिबाट गत वर्षको रु.८ लाख ५० हजार र ५६ गाउं विकास समितिबाट चालु वर्षको रु.१० लाख ३८ हजार मालपोत असुल गरेको छैन । उक्त रकम असुल गर्नुपर्दछ ।

- **स्थानीय विकास कोष** –

६९. **बिउपूँजी** – आयमूलक कार्यक्रम सञ्चालनका लागि विभिन्न समूहमा लगानी गर्नुपर्ने बिउपूँजी कार्यक्रमको रु.१८ लाख ३२ हजार लगानी नगरी कार्यालयको खातामा नै राखेको छ । कार्यक्रममा लगानी नहुंदा लक्षित समुदाय लाभान्वित हुन तथा व्याज प्राप्त गर्नसकेको छैन ।